आज मिति २०८३/०३/०९ गते मंगलबारका दिन नेपालगञ्ज उपमहानगरपालिकाका नगर प्रमुख श्री प्रशान्त विष्टको अध्यक्षता एवं तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रशान्त विष्ट | नगर प्रमुख | |
| २ | श्री प्रमोद रिजाल | वडा अध्यक्ष, वडा नं. १ | |
| ३ | श्री मनोज कुमार श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २ | |
| ४ | श्री मो. अय्युब सिद्दिकी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ५ | श्री गोपाल पुन | वडा अध्यक्ष, वडा नं. ४ | |
| ६ | श्री शराफत हुसेन शेष | वडा अध्यक्ष, वडा नं. ५ | |
| ७ | श्री समीर प्रताप सिंह | वडा अध्यक्ष, वडा नं. ६ | |
| ८ | श्री प्रशान्त श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. ७ | |
| ९ | श्री रजनीश वाजपेयी | वडा अध्यक्ष, वडा नं. ८ | |
| १० | श्री गोविन्द प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं. ९ | |
| ११ | श्री श्रवण कुमार श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. १० | |
| १२ | श्री नन्द किशोर कश्यप (कहार) | वडा अध्यक्ष, वडा नं. ११ | |
| १३ | श्री तरुण कुमार बज्राचार्य | वडा अध्यक्ष, वडा नं. १२ | |
| १४ | श्री सुरेश सिंह ठाकुर | वडा अध्यक्ष, वडा नं. १३ | |
| १५ | श्री मजहर अली साई | वडा अध्यक्ष, वडा नं. १४ | |
| १६ | श्री मदन विक्रम शाह | वडा अध्यक्ष, वडा नं. १५ | |
| १७ | श्री कलिम अहमद जोलाह | वडा अध्यक्ष, वडा नं. १६ | |
| १८ | श्री लक्ष्मण प्रसाद बर्मा | वडा अध्यक्ष, वडा नं. १७ | |
| १९ | श्री दिपक कुमार बर्मा | वडा अध्यक्ष, वडा नं. १८ | |
| २० | श्री परसराम कुर्मी | वडा अध्यक्ष, वडा नं. १९ | |
| २१ | श्री कौशल कुमार धोबी | वडा अध्यक्ष, वडा नं. २० | |
| २२ | श्री राज कुमार साहु तेली | वडा अध्यक्ष, वडा नं. २१ | |
| २३ | श्री अब्दुल गफ्फार हलवाई | वडा अध्यक्ष, वडा नं. २२ | |
| २४ | श्री जबर अली बेहना | वडा अध्यक्ष, वडा नं. २३ | |
| २५ | श्री संगीता रेग्मी | कार्यपालिका सदस्य | |
| २६ | श्री कुमारी पुष्पा सिंह | कार्यपालिका सदस्य | |
| २७ | श्री बसन्त कुमार कनौजिया | कार्यपालिका सदस्य | |
| २८ | श्री शोभा खटिक | कार्यपालिका सदस्य | |
| २९ | श्री बिना थापा | कार्यपालिका सदस्य | |
| ३० | श्री अमृता कुमारी सिंह | कार्यपालिका सदस्य | |
| ३१ | श्री बिक्रम चिडिमार | कार्यपालिका सदस्य | |
| ३२ | श्री मो.मुजम्मिल हुसैन हलवाई | कार्यपालिका सदस्य | |
| ३३ | श्री मानबहादुर बम | सचिव | |
| ३४ | श्री राजन कुमार के.सी. | वरिष्ठ लेखा अधिकृत | |
| ३५ | श्री इन्द्र बहादुर के.सी. | प्रशासकीय अधिकृत | |
| ३६ | श्री तेजेन्द्र रोकाया | प्रशासकीय अधिकृत | |
| ३७ | श्री भुबिन्द्र प्रसाद कँडेल | प्रशासकीय अधिकृत | |
| ३८ | श्री सन्तोषी विष्ट | वरिष्ठ प्रशासन सहायक | |

CamScanner

## मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

आर्थिक वर्ष २०८३/०८४ का लागि नगर प्रमुखबाट प्रस्तुत हुने नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. २

नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ स्वीकृतिका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ३

लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) बमोजिम आर्थिक वर्ष २०८१/०८२ को प्राप्ति र भुक्तानीको सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदन छलफलका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ४

नेपालगञ्ज उपमहानगरपालिकाको निर्णयानुसार विभिन्न समयमा भएका अध्ययन समिति गठन गर्ने निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ५

नेपालगञ्ज उपमहानगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (तेस्रो संशोधन २०८३) स्वीकृत गर्ने ।

निर्णय नं. ६

जिल्ला प्रहरी कार्यालय नेपालगञ्ज, बाँकेको पत्र संख्या ०८२/०८३, च.नं. १८७३७, मिति २०८३/३/०४ गतेको पत्र र सो साथ प्राप्त जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँकेको सडक दुर्घटना प्रतिवेदन, जिल्ला प्रहरी कार्यालय नेपालगञ्ज, बाँकेको घटनास्थल मुचुल्का अनुसार नेपालगञ्ज उपमहानगरपालिकाको भे २ त १९५३ को ट्याक्टरले पवन कुमार लोनिया डुडुवा-०२, बाँकेको भे ८ प ७८३५ नम्बरको मोटरसाईकल ठक्कर दिई दुर्घटना हुँदा मोटरसाईकल चालक घाईते भएको देखिएको हुँदा मोटरसाईकल चालक श्री पवन कुमार लोनियालाई उपचार खर्च वापत चालु आ.व. २०८२/०८३ को "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" खर्च शिर्षकबाट बढीमा रु.२०००००.०० (दुई) लाख भुक्तानि दिने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ७

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंको प.सं. २०८२।८३, च.नं. १३४, मिति २०८३।०३।०२ गते "स्थानीय तहको नेपाली र अङ्ग्रेजी नाम तथा हिज्जेको एकरुपताका लागी विवरण पठाउनुहुन" भनि प्राप्त पत्र अनुसार यस नेपालगञ्ज उपमहानगरपालिकाको तपसिल अनुसारको विवरण सुधार गर्न प्रस्ताव पेस गर्ने ।

तपसिल:

| हालको प्रकाशित नेपाली नाम | सुधार भई कायम हुनुपर्ने नेपाली नाम | हालको प्रकाशित English नाम | सुधार भई कायम हुनुपर्ने English नाम |
|---|---|---|---|
| नेपालगंज उप-महानगरपालिका | नेपालगञ्ज उपमहानगरपालिका | Nepalgunj Sub-Metropolitan City | Nepalgunj Sub-Metropolitan City |

### निर्णय नं. ८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. २०८२।८३, च.नं. २८१, मिति २०८२।१२।२६ गतेको पत्र बमोजिम China/MOFCOM Scholarship का लागि यस उपमहानगरपालिकाबाट मनोनयन गरी पठाइएका तपसिल बमोजिमका कर्मचारीहरुलाई सम्बन्धित विश्वविद्यालयको Admission Letter प्राप्त भए पश्चात तलबी अध्ययन बिदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालमा सिफारिस गर्ने ।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम | पद/तह | अध्ययन बिषय | कार्यक्रम हुने संस्था/देश |
|---|---|---|---|---|
| १. | श्री भुपेन्द्र बोहरा | वरिष्ठ इन्जिनियर, अधिकृत आठौं तह | 2026 Master Program in Environmental Engineering | Suzhou University of Science and Technology / China |
| २. | श्री दिपेन्द्र श्रेष्ठ | प्रशासकीय अधिकृत, अधिकृत सातौं तह | 1. 2026 Doctoral Programme in Studies of National Development<br>2. 2026 Master Programme in International Business | 1. Peking University/ China<br>2. Jiangxi University of Finance and Economics/ China |
| ३. | श्री हिक्मत बहादुर थापा माझी | प्रशासकिय अधिकृत, अधिकृत सातौं तह | 2026 Master Programme in Public Administration (National Development) | Peking University/ China |

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ९

नेपालगञ्ज उपमहानगरपालिका राजश्व परामर्श समितिको मिति २०८३/०२/२२ गते बसेको बैठकका तपसिल बमोजिमका निर्णयहरु अनुमोदनका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

रा.प.स.नि.नं.१: नेपालगञ्ज उपमहानगरपलिकाको आ.ब. २०८३/८४ को लागि आन्तरिक आयको प्रक्षेपण रु.२५,३९,६०,०००।(अक्षेरुपी पच्चीस करोड उन्चालिस लाख साठी हजार मात्र) कायम गरी र आर्थिक ऐन,२०८२ मा भएका करका शिर्षकहरू थपघट तथा समायानुकूल परिमार्जन गरी आर्थिक विधेयक,२०८३ मा समावेश गर्ने निर्णय भएकोमा आ.ब. २०८३/८४ को लागि आन्तरिक आयको प्रक्षेपण रु.३२,४५,०३,६१०.४४।(अक्षेरुपी बत्तीस करोड पैचालीस लाख तीन हजार छ सय दश र चवालीस पैसा) कायम गरी आर्थिक ऐन,२०८२ मा भएका करका शिर्षकहरू थपघट तथा समायानुकूल परिमार्जन गरी आर्थिक विधेयक,२०८३ मा समावेश गर्ने ।

रा.प.स.नि.नं.२: नेपालगञ्ज उपमहानगरपालिकामा व्यवसाय दर्ता भएका तर विगत लामो समयदेखि नविकरण नभएका व्यवसायको हकमा आर्थिक वर्ष २०८०/८१,२०८१/८२ र २०८२/८३ को जरिवाना सहित नविकरण दस्तुर र चालु आर्थिक वर्षको सम्मको नविकरण दस्तुर एवम् आर्थिक वर्ष २०८०/८१ देखि चालु आर्थिक वर्ष सम्मको बहालकर लिई व्यवसाय नविकरण गर्ने गरी आर्थिक ऐनमा समावेश गर्ने ।

रा.प.स.नि.नं.३: अपाङ्गता भएका व्यक्ति र एकल महिलाको नाममा व्यवसाय दर्तामा ५०% छुट र नविकरणमा २५% छुट एवम् परियोजना हस्तान्तरण मार्फत यस उपमहानगरपालिकामा पठाईएका अभिलेखमा उल्लेखित उद्यमीहरूको स्थलगत अनुगमन पश्चान वास्तविक उद्यमीको र नेपालगञ्ज उपमहानगरपालिकाबाट सञ्चालित सीपमुलक तालिम सम्पन्न पश्चात स्थलगत अनुगमन गरी उद्यम सञ्चालन गरेका उद्यमको व्यवसाय दर्तामा ५०% छुट दिनका लागि आर्थिक ऐनमा समावेश गर्ने ।

निर्णय नं. १०

यस नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका विभिन्न महाशाखा, शाखा, स्वास्थ्य संस्थाहरु र वडा कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको आ.व.२०८३/८४ को तलबी प्रतिवेदन स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

<u>मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु</u>

<u>निर्णय नं. ११</u>

उपमहानगर नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गत रहेका विभिन्न महाशाखा, शाखा, इकाई, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत सेवा करारमा रहेका गत विगत आ.व. देखि र चालु आ.व.२०८२/८३ को असार मसान्तसम्म निरन्तर रुपमा कामकाज गरिरहेका र सन्तोषजनक कार्यसम्पादन रहेका कर्मचारीहरुको मिति २०८३/०४/०१ गते देखि लागू हुने गरी ६ महिनाको अवधिको लागि प्रचलित कानुन बमोजिम हुने गरी निज कर्मचारीहरुको सेवा करारको म्याद थपको कार्य गर्ने साथै सो पश्चात कार्यरत कर्मचारीहरुको सेवा करारको म्याद थप गर्दा अर्धवार्षिक कार्यसम्पादन सूचकांक निर्माण गरी गर्ने र साविकमा तोकिएको तलब स्केलमा १० प्रतिशत वृद्धि गर्ने। दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई समेत कार्यालयको आवश्यकता अनुसार हालको जिल्ला दररेटका आधारमा पारिश्रमिकता भुक्तानी दिने र मिति २०८३/०४/०१ गते देखि लागू हुने गरी २०८४ असार मसान्त सम्म कामकाजमा लगाउने गरी आवश्यक व्यवस्था मिलाउन स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

<u>निर्णय नं. १२</u>

नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट विभिन्न समयदेखि कामकाजमा खटाईएका श्रेणीविहिन कर्मचारीहरु कुचिकार, माली, चौकिदार, ड्राईभर जस्ता पदमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई स्वीकृत दरबन्दीमा नबढ्ने गरी २०८४ असार मसान्त सम्म निरन्तरता दिने र निजहरुको ज्याला हालको जिल्ला दररेटका आधारमा वडाको आवश्यकता अनुसार वडा समितिबाट निर्णय गराई सम्बन्धित वडा कार्यालयबाट डोर हाजिर अनुसार नै भुक्तानी दिन स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

<u>निर्णय नं. १३</u>

यस उपमहानगरपालिकाको नगरसभाबाट विनियोजित बजेट रकमहरुमध्ये तत्कालिन अवस्थामा बाँडफाँड हुन नसकि अवण्डा बजेटका रुपमा रहेका बजेट शिर्षकहरु वा तत्कालिन अवस्थामा बाँडफाँड गरी खर्च गर्नुपर्ने अवस्थामा रहेका नगरसभाबाट स्वीकृत अवण्डा बजेट शिर्षकहरुमा आवश्यकता बमोजिम खर्चको प्रकृति अनुसार माग भै आएका वा तत्कालको समस्या समाधानका लागि निर्णय गरी एकै पटक वा पटक पटक विनियोजन गरेर खर्च गर्न सक्ने अख्तियारी नगर प्रमुखलाई प्रत्यायोजन गर्ने स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CS CamScanner

## मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १४

नेपालगञ्ज उपमहानगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७५ को दफा २६(६) मा रहेको "५ हजार" भन्ने शब्दको सट्टामा "२ हजार" भन्ने शब्द राखी संशोधन गर्ने स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

### निर्णय नं. १५

नेपालगञ्ज उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ४ स्थित सल्याणीवागमा रहेको सटरहरुको सम्बन्धमा उक्त सटरहरु विगत वर्ष देखि बहालमा प्रयोग गर्दै आइरहेकोमा निज बहालवालाहरुसँग यकिन सम्झौता कागजात नरहेको तथा मिति २०८२ जेठ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा राजस्व व्यवस्थापन शाखामा भएको सम्झौता कागजात समेत नष्ट भएकोले यस कार्यालयमा नियमित बहाल बुझाउनेको हकमा हाल जुन व्यक्ति वा फर्म बहालमा बसी रहेको छ सोही व्यक्तिसँग नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक ऐन एवम् बजार मूल्यलाई समेत आधार मानी प्रतिसटर/गोदाम मासिक बहाल रकम रु.५०००।(अक्षेरुपी पाँच हजार मात्र) कायम गरी सम्झौता गर्नका लागि २०८३ असोज देखि १ महिनाको समय तोकी २०८३ कार्तिक महिना देखि लागूहुने गरी ३ वर्षको लागि नियमानुसार राख्नुपर्ने धरौटी रकम लिई सम्झौता गर्ने र खाली भएको सटर/गोदाम वा नियमित बहाल नबुझाएका वा उल्लेखित अवधिभित्र सम्झौता नगर्नेको हकमा न्यूनतम मूल्य रु.५०००।-(अक्षेरुपी पाँच हजार मात्र) कायम गरी नयाँ प्रक्रिया (दरभाउ पत्र) मार्फत बहालमा लगाउन स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

### निर्णय नं. १६

मङ्गल प्रसाद माध्यमिक विद्यालय नेपालगञ्ज, ८ बाँकेको पत्र संख्या ०८२/८३, चलानी नं २५९, मिति २०८३/०३/०७ गतेको पत्रानुसार विद्यालयमा सभाहल निर्माण गर्न बजेट व्यवस्थाका लागि अनुरोध भै आएकोमा रु.२०००००००.०० (दुई करोड) को लागत अनुमानको सिमा भित्र रही उक्त विद्यालयमा ५०० जना अट्ने क्षमताको सभाहल निर्माण उपमहानगरपालिकाले समेत उपयोग गर्ने शर्तमा समझदारी पत्र गर्ने गरी आर्थिक वर्ष २०८३/८४ का लागि रु.८००००००.०० (असी लाख) रकम विनियोजन गरी सो योजनालाई बहुवर्षिय योजनाको रुपमा स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

मानबहादुर बम
प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १७

नेपालगञ्ज उपमहानगरपालिकाको साविक **साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५** बमोजिम **नेपालगञ्ज उपमहानगरपालिका, साझेदारी विकास कोषको** नामबाट श्री राष्ट्रिय वाणिज्य बैंकमा चल्ती खाता सञ्चालन गरी हाल **गरिबसंग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८०** बमोजिम कारोबारमा रहेको उक्त कोषलाई नेपालगञ्ज उपमहानगरपालिकाको एकीकृत कोषमा आवद्ध गर्ने साथै कोषको नामाकरण समेत हालको कार्यविधि बमोजिम तपसिल बमोजिम कायम गर्न स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

तपसिल

| हाल कायम रहेको स्थापित कोषको नाम | प्रचलित कार्यविधि बमोजिम कायम हुनुपर्ने कोषको नाम | खाता नं. | ०८३ असार मसान्तमा मौज्दात (रु.) |
|---|---|---|---|
| नेपालगञ्ज उपमहानगरपालिका, साझेदारी विकास कोष | नेपालगञ्ज उपमहानगरपालिका, व्यावसायिक लगानी परियोजना कोष | ४१३०१००००६९८७००१ | २४९८९२२५।२७ |

निर्णय नं. १८

नेपालगञ्ज उपमहानगरपालिका १२ नं वडा कार्यालय बाँकेको पत्र संख्या २०८२/८३, चलानी नं २१७५, मिति २०८३/०३/०८ गतेको सिफारिस पत्र र सो साथ संलग्न जानकी गाउँपालिकाको १३ औं हिउँदे गाउँसभा मिति २०७९/०९/२५ गतेको निर्णय नं १० अनुसार "जानकी गाउँपालिका वडा नं ३ स्थित दोन्द्रा नाला पुर्वका जनतालाई जानकी गाउँपालिकामा प्रशासनिक कामकाजका लागि अपाएक र भौगोलिक रुपमा टाढा पर्ने भएकोले दोन्द्रा नालादेखि पुर्व तर्फको भु भागलाई नेपालगञ्ज उपमहानगरपालिका वडा नं १२ मा गाभ्न को लागि यस गाउँपालिकाको यस हिउँदे गाउँसभाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सहमति दिने र यसका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने" निर्णय भएको हुँदा सो क्षेत्र नेपालगञ्ज उपमहानगरपालिकामा गाभ्नका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. १९

यस उपमहानगरपालिकाको नगरसभाबाट बिनियोजित बजेट रकमहरुमध्ये तत्कालिन अवस्थामा बाँडफाँड हुन नसकि अवण्डा बजेटका रुपमा रहेका बजेट शिर्षकहरु वा तत्कालिन अवस्थामा बाँडफाँड

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

गरी खर्च गर्नुपर्ने अवस्थामा रहेका नगरसभाबाट स्वीकृत अवण्डा बजेट शिर्षकहरुमा आवश्यकता बमोजिम खर्चको प्रकृति अनुसार माग भै आएका वा तत्कालको समस्या समाधानका लागि निर्णय गरी एकै पटक वा पटक पटक विनियोजन गरेर खर्च गर्ने अख्तियारी अनुसार नगर प्रमुखबाट आ.व. २०८२/८३ मा भएका निर्णयहरु अनुमोदन गर्न स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. २०

नेपालगञ्ज उपमहानगरपालिकाको ई-रिक्सा सम्बन्धी कार्यविधि, २०७८ (दोस्रो संशोधन २०८३) स्वीकृत गर्ने ।

निर्णय नं. २१

मिति २०८२ भाद्र २४ गतेको Gen-Z आन्दोलनमा नेपालगञ्ज उपमहानगरपालिकाको प्रशासनिक भवनमा आन्दोलनकारीले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति पुर्याएको अवस्थामा कार्यालयको भौतिक संरचना पुनः निर्माणको लागि नगर विकास कोष, काठमाण्डौंको **"स्थानीय तहका क्षतिग्रस्त प्रशासकीय भवन मर्मत/पुनर्निर्माण कार्यक्रम"** अन्तर्गत अक्षरेपी नब्बे लाख रुपैयाँ अनुदान, अक्षरेपी एक करोड पचास लाख ऋण सहायता साझेदारी स्वीकार र अक्षरेपी साठी लाख रुपैयाँ उपमहानगरपालिकाको योगदान सहित नगर विकास कोषसँग सम्झौता गर्नको लागि प्रमुख श्री प्रशान्त विष्टलाई अख्तियारी प्रदान गर्ने।

निर्णय नं. २२

नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय (प्रथम पक्ष) र श्री सगरमाथा मल्टिसर्भिस प्रा.लि. मिनभवन काठमाण्डौं (दोस्रो पक्ष) बीच नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य सडक सरसफाई कार्य गर्नेगरी मिति २०८१ साल चैत्र २९ गते तोकिएको शर्त बमोजिम एक वर्ष अवधिको लागि कार्य गर्न मञ्जुर भई सम्झौता पत्रमा हस्ताक्षर गरेको। सम्झौता पत्रमा लेखिएको शर्त सम्बन्धी प्रावधानलाई समेत मध्येनजर गरी यस कार्यालयको मिति २०८२/१२/२३ गतेको निर्णय बमोजिम २०८३ साउन १ गतेदेखि बोलपत्र सम्बन्धी प्रकृया सम्पन्न गरी नयाँ सम्झौता बमोजिम कार्य प्रारम्भ हुनुपर्नेमा यस कार्यालयमा विभिन्न चरणमा भएको गहन छलफलबाट नगरको सरसफाई व्यवस्थापनको मोडालिटिमा व्यापक फेरबदल गर्नुपर्ने महसुस गरिएकोले मुख्य सडक सरसफाई कार्यको हकमा खुला बोलपत्र आव्हान गरी स्वीकृत बोलपत्रदातासँग सम्झौता गरी सरसफाई सेवा करारमा

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

मिति २०८३/०३/०९ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

लिई नयाँ सम्झौता प्रारम्भ नभएसम्म वा अधिकतम मिति २०८४ आषाढ मध्ये जुन पहिला हुन्छ सोही अवधिसम्मको लागि नेपालगञ्ज उपमहानगरपालिका र श्री सगरमाथा मल्टिसर्भिस प्रा.लि. बीच भएको सम्झौता बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य सडक सरसफाई कार्यलाई निरन्तरता दिने गरी सम्झौताको म्याद थप गर्ने।

निर्णय नं. २३

नेपालगञ्ज उपमहानगरपालिकाको शान्ति सुरक्षालाई थप प्रभावकारी बनाई सेवा प्रवाहलाई सहजिकरण गर्नका लागि वडा प्रहरी कार्यालय, नेपालगञ्ज, बाँकेलाई मासिक ६० लिटर डिजेल र जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाँकेलाई मासिक ३० लिटर डिजेल उपलब्ध गराउने । सो को जानकारी तालुक कार्यालय र प्रदेश प्रहरी कार्यालयमा समेत दिने ।

निर्णय नं.२४

नेपालगञ्ज उपमहानगरपालिकाले आफ्नो कार्यक्षेत्र (अधिकार क्षेत्र) भित्रका विषयमा मात्र कर लगाई असूल गरिएको व्यहोरा स्वघोषणा गरियो ।

निर्णय नं. २५

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैलाको वैज्ञानिक, व्यवस्थित, वातावरणमैत्री तथा दिगो व्यवस्थापन गरी नगरको सरसफाई, जनस्वास्थ्य, वातावरण संरक्षण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक-निजि साझेदारी अवधारणा अनुरुप लागू गर्न र सेवा शुल्कबाट प्राप्त हुने आम्दानीको प्रक्षेपण निम्ति नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं. २,९ र १३ मा रहेका घरधुरी, व्यवसाय, संघ/संस्था तथा सरकारी कार्यालयहरुबाट घरदैलो रुपमा फोहोर संकलन कार्य आगामी आ.व. २०८३/८४ देखि सुरुवात गरी सेवा शुल्क उठाउने कार्य थालनी गर्ने र उक्त सेवा शुल्क संकलन कार्यको लागि दुई जना संकलनकर्तालाई दैनिक ज्यालादारीमा कामकाजमा खटाउने ।

निर्णय नं. २६

नेपालगञ्ज उपमहानगरपालिकाको मध्यम (ग) वर्ग अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा सञ्चालन कार्यविधि, २०८२ र बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner